# भुम्लु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
स्था : २०७३

प.स. २०७८।०७९
चलानी न ०६६१

बागमती प्रदेश,नेपाल
मितिः २०७८।१०।२८

श्री सबै वडा कार्यालयहरु ।
भुम्लु गाँउपालिका, काभ्रेपलाञ्चोक

विषय :-बेरोजगार व्यक्तिको निबेदन उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७८।१०।२६ च.न २४० को पत्रानुसार आ.व. २०७९।८० मा संचालन हुने नेपाल सरकार (कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना), प्रदेश र स्थानीय सरकार द्धारा संचालित सार्वजनिक विकास निर्माणमा सहभागी भई न्युनतम रोजगारी प्राप्त गर्न निवेदन दिने अन्तीम मिति २०७८।११।३० सम्म वडामा संकलन भएको फारम यस कार्यलयमा २०७८।१२।०६ गते भित्र उपलब्ध गराउनु हुन अनुरोध छ।

पुनश्च

१ निवेदकको पुर्ण विवरण हुनुपर्नेछ।

२ सम्वन्धित वडामा राखीएको दर्ताको प्रतिलिपि पेश गर्नुका साथै सोमा निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो भने उल्लेख गर्नुपर्नेछ।

३ वडामा रहेका आर्थिक र सामाजिक अवसर बाट बञ्चित विपन्न व्यक्तिहरुलाई जानकारी गराई फारम भर्न अभिप्रेरित गर्ने ।

२०७८।१०।२८
टाकाराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# भुम्लु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सल्ले, भुम्लु, काभ्रेपलाञ्चोक

बागमती प्रदेश,नेपाल

प.स. २०७८।०७९
चलानी न ०६६९

मिति: २०७८।१०।२८

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थीक वर्ष २०७९।८० मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक वेरोजगार व्यक्तिले २०७८ फाल्गुन महिनाको मसान्त सम्म आफूले स्थायी वसोवास गरेको स्थानीय तहको सम्वन्धीत वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । र यस सम्वन्धीत विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np वाट प्राप्त गर्न सकिनेछ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. निवेदकको १ प्रति नागरिकताको प्रतिलिपि ।
२. निवेदकको १ प्रति पासपोर्ट साइजको फोटो ।
३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं, जारी मिति, जिल्ला, शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) **(फारमको १४ नं अनुसारको विवरण)**
४. स्थायी वसोवास खुल्ने आवश्यक कागजातको फोटोकपी: (ना.प्र पत्र अन्यबाट जारी भएको भए वसाइसराईको प्रतिलिपि र ना. प्र पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि )
५. कुल वार्षिक पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य पेन्सन सुविधा पाए नपाएको विवरण ।
६. निवेदक वैदेशिक रोजगारीवाट फर्किएको भए, देशको नाम र पासपोट नं को विवरण।
७. निवेदकको काम सम्वन्धी अनुभव भएमा सो सम्वन्धी विवरण ।
८. निवेदकको सम्पर्क नं ।
९. १८ देखि ५९ वर्ष उमेर हुनु पर्नेछ।

**पुनश्च फारममा उल्लेखित सम्पूर्ण विवरणहरु (परिवारका सदस्यहरुको समेत सबै विवरणहरु) अनिवार्य रुपमा भर्नुपर्ने छ । अपुरो फारम मान्य हुने छैन** थप जानकारीका लागि सम्वन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र भुम्लु गाउँपालिकामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भम्लु गाउँपालिका, वडा न............ २०७८ फाल्गुन

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व २०७९।८० मा न्यूनतम रोजगारीमा सहभागी हुन पुर्ण विवरण सहित निवेदन दिने बेरोजगार व्यक्तिहरुको सुची

| क.स | दर्ता न. | नाम थर | जन्म मिति | शैक्षिक योग्यता | सिप | फोन न. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्ने कार्यलयको छाप प्रमाणित गर्ने

Scanned with CamScanner